आज मिति २०८०/०४/१६ गते मंगलवारका दिन दिउँसो ४:०० बजे जनकपुरधाम उप-महानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बसेको बैठकमा देहाय बमोजिमको नगर कार्यपालिकाको पदाधिकारीज्युहरुको उपस्थिति रहियो ।

उपस्थिति :

| क.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह | नगर प्रमुख | |
| २ | श्री किशोरी साह | नगर उपप्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री पं. सुरेस झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | ~~श्री बेचन साहु हलुवाई~~ प्रमद अन्सारी | श्री.वी. वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री निरज कुमार साह (मुन्ना) | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्री शिला कुमारी देवी | का.वा. वडाअध्यक्ष, वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जित बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |
| १६ | श्री सुमित्रा कुमारी | का.वा वडा अध्यक्ष, वडा नं.१४ | |

| | | | |
|---|---|---|---|
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | |
| १८ | श्री रामचन्द्र पंजियार | वडाअध्यक्ष, वडा नं.१६ | |
| १९ | श्री रामवृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | |
| २० | श्री लक्ष्मेश्वर मण्डल | वडाअध्यक्ष, वडा नं.१८ | |
| २१ | श्री विनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | |
| २२ | श्री मोति राइन | वडाअध्यक्ष, वडा नं.२० | |
| २३ | श्री राजनारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | |
| २४ | श्री बिमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | |
| २५ | श्री राघवेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्रीमती शारदा देवी पन्त | नगर कार्यपालिका सदस्य | |
| ३० | श्रीमती मनिषा देवी | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | |
| ३६ | श्री मेहिलाल यादव | सदस्य सचिव - नि.प्र.प्र.अ. | |

**बैठकको एजेण्डा:**

१.अघिल्लो कार्यपालिकाको बैठकको निर्णय कार्यान्वियनको अवस्था सम्बन्धमा ।
२.वडा सचिवको व्यवस्थापन सम्बन्धमा ।
३.स्विस टुरिज्म अवार्डमा सहभागिता सम्बन्धमा
४ विविध ।

**निर्णय नं. १** :- अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यन्वयनको अवस्थाको बारेमा समसमायिक छलफल गरियो ।

निर्णय नं. २:- यस जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा प्रशासन सेवाका कर्मचारीहरुको अभाव भएका कारण वडा सचिवको व्यवस्थापन गर्ने यस उपमहानगरपालिका भित्रका शाखा/महाशाखाहरुमा कार्यरत स्थायी कर्मचारीहरुलाई अर्को व्यवस्था नहुन्जेल सम्मको लागी वडा कार्यालयमा वडा सचिवको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:- स्विस इन्टरनेशनल होली डे इग्जिविसनले प्रदान गर्ने स्विस टुरिजम अवार्ड पाउन जनकपुरधाम उप-महानगरपालिका छनौट भएकोमा हामी सबै गौरवान्वित भएका छौं । उक्त संस्थाले पर्यटनको क्षेत्रमा जनकपुरधाम उपमहानगरपालिकाको ऐतिहासिक ,सांस्कृतिक, धार्मिक, पर्यटकीय क्षेत्रको रुपमा स्थापित र विकास गर्ने स्थानीय सरकारले सम्पन्न गरेका योजना र कार्यक्रमको आधारमा छनौट गरी उक्त पुरस्कार प्रदान गर्न लागेको बाट हामी थप उत्साह र विश्वास कायम भएको छ । उक्त पुरस्कारले सिंगो जनकपुरधाम र मिथिला क्षेत्रको महत्व र यसको ऐतिहासिक महत्वलाई अन्तराष्ट्रिय रुपमा स्थापित गरेको हुँदा सम्पूर्ण नगरवासीलाई बधाई र शुभकामना व्यक्त गर्दछौं । उक्त पुरस्कार ग्रहण गर्न स्विटजरल्याण्डको लुगानो सहरमा आयोजना हुने SWISS INTERNATIONAL HOLIDAY EXIBITION कार्यक्रममा र मिथिला क्षेत्रको विशेषता झल्काउने 9(sq.m.) स्टँल राखी प्रचार प्रसार गर्ने र सो स्टल राख्न निर्धारित खर्च (E6490) स्विस रकम भुक्तान गर्नु पर्ने रकम यस नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने निर्णय गरियो । सो कार्यक्रममा सहभागी हुन जानु हुने नगर प्रमुख श्री मनोज कुमार साह, प्रमुख प्रशासकीय अधिकृत श्री रत्नेश शशि र कार्यालयको प्रवक्ता समेत रहेका वरिष्ठ शाखा अधिकृत श्री परमेश्वर कुमार झा जम्मा जना ३ को जाने आउने इकोनोमी क्लासको प्लेन टिकट एयरपोर्ट देखी लुगानो शहर सम्म जाने नियमानुसार खर्च समेत वापत जम्मा रु.१५,००,०००/-(पन्द्र लाख) उपलब्ध गराउन निर्णय गरियो ।